# विनियोजन ऐन, २०७९

प्रमाणीकरण मितिः
२०७९।०३।३१

## संवत् २०७९ सालको ऐन नं. ४

## आर्थिक वर्ष २०७९/०८० को सेवा र कार्यको लागि सङ्घीय सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः** आर्थिक वर्ष २०७ ९/०८० को सेवा र कार्यको लागि सङ्घीय सञ्चित कोष माथि व्ययभार हुने रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “विनियोजन ऐन, २०७९” रहेको छ।

(२) यो ऐन संवत् २०७९ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०७९/०८० को निमित्त सङ्घीय सञ्चित कोषबाट खर्च गर्ने अधिकारः** आर्थिक वर्ष २०७ ९/०८० को निमित्त अनुसूची-१ बमोजिम सङ्घीय सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा

कानून तथा संसदीय मामिला मन्त्रालय

र कार्यका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालु खर्च, महल ५ मा उल्लिखित पुँजीगत खर्च र महल ६ मा उल्लिखित वित्तीय व्यवस्थाको रकम समेत गरी महल ७ मा उल्लिखित जम्मा रकम रू. १६,०६,२६,३५,००,०००।- (अक्षरेपि सोह्र खर्ब छ अर्ब छब्बीस करोड पैंतीस लाख ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सङ्घीगय सञ्चि६त कोषबाट खर्च गर्न सकिनेछ।

३. **<u>विनियोजनः</u>** (१) यस ऐनद्वारा सङ्घीँय सञ्चिसत कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७ ९/०८० को लागि अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको लागि विनियोजन गरिनेछ।

(२) उपदफा (१) बमोजिम अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यका निमित्त विनियोजन गरेको रकममध्ये कुनै अनुदान सङ्ख्या मा बचत हुने र कुनै अनुदान सङ्ख्यामा अपुग हुने देखिन आएमा नेपाल सरकार, अर्थ मन्त्रालयले बचत हुने अनुदान सङ्ख्याबाट अपुग हुने अनुदान सङ्ख्या मा रकमान्तर गर्न सक्नेछ।

(३) उपदफा ( २) बमोजिम रकमान्तर गर्दा जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी अनुदान सङ्ख्याबाट अर्को एक वा एकभन्दा बढी अनुदान सङ्ख्यामा रकमान्तर ग र्न, निकासा र खर्च लेख्न, चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकमान्तर गर्न सकिनेछ।

तर,

(क) एउटै अनुदान सङ्ख्याभित्रका बजेट शीर्षक वा उपशीर्षकमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ।

(ख) पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ रकमान्तर गर्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन।

(४) प्रदेश तथा स्थानीय तहका लागि अनुदान सङ्ख्या ७०१ र ८०१ मा विनियोजन भएको वित्तीय समानीकरण अनुदान रकम अन्य अनुदान सङ्ख्यामा रकमान्तर हुने छैन।

(५) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान सङ्ख्या ५०१ देखि ६०२ सम्म विनियोजन भएको रकम जुन अनुदान सङ्ख्यामा निकासा र खर्च हुने हो सोही अनुदान सङ्ख्यामा रकमान्तर गर्न तथा निकासा र खर्च लेख्नअबाधा पर्ने छैन।

४. **<u>अन्तर-सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्थाः</u>** (१) अनुदान सङ्ख्या ७०१ को रकम प्रदेशले कानून बमोजिम खर्च गर्न पाउने गरी अनुदानको रुपमा प्रदेश सञ्चित कोषमा हस्तान्तरण गरिनेछ।

कानून तथा संसदीय मामिला मन्त्रालय

(२) अनुदान सङ्ख्या ८०१ को रकम स्थानीय तह ले कानून बमोजिम खर्च गर्न पाउने गरी अनुदानको रूपमा स्थानीय सञ्चि त कोषमा हस्तान्तरण गरिनेछ।

(३) उपदफा (१) र (२) बमोजिमको रकममध्ये वित्तीय समानीकरण अनुदानको एकचौथाईले हुन आउने रकम महालेखा नियन्त्रक कार्यालयले सम्बन्धित सञ्चिरत कोषमा प्रत्येक वर्षको भाद्र २ गते, कात्तिक २ गते, माघ २ गते र वैशाख २ गते गरी चार किस्तामा हस्तान्तरण गर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि मुलुकमा विपद् वा कुनै असामान्य परिस्थिति उत्पन्न भई लक्ष्य अनुरुप राजस्व सङ्कलन हुन नसकेमा उपदफा (३) बमोजिमको पहिलो किस्ता बाहेक अन्य किस्ता र सो बापतको रकम सङ्कलित राजस्वको अनुपातका आधारमा नेपाल सरकारले पुनः निर्धारण गरी हस्तान्तरण गर्नेछ।

(५) उपदफा (३) बमोजिम वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण प्रदेश तथा स्थानीय तहले प्रत्येक आर्थिक वर्षको का त्तिक १ गते, माघ १ गते, वैशाख १ गतेभित्र र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको साउन मसान्तभित्र तथा उपदफा (४) बमोजिम नेपाल सरकारबाट हस्तान्तरण भएको रकमको खर्च विवरण नेपाल सरकारले निर्धारण गरेको समयमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्नेछ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(६) उपदफा (५) बमोजिमको विवरण प्राप्त नभएसम्म वित्तीय समानीकरण अनुदान बापतको बाँकी रकम प्रदेश वा स्थानीय तहको सञ्चित कोषमा हस्तान्तरण गरिने छैन।

(७) उपदफा (१) र (२) बमोजिमको अनुदान रकममध्ये सशर्त अनुदान रकमको एकतिहाईले हुन आउने रकम महालेखा नियन्त्रक कार्यालयले सम्बन्धित प्रदेश वा स्थानीय तहको सञ्चिमत कोषमा प्रत्येक वर्षको भाद्र २ गते हस्तान्तरण गर्नेछ।

(८) प्रदेश तथा स्थानीय तहले सशर्त अनुदान बापत हस्तान्तरण भएको रकम जुन विषय क्षेत्रको योजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही योजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन हुने अवधि, कार्यान्वयनको प्रकृया , खर्चको अनुमान सहितको कार्ययोजना , मासिक नगद प्रवाहको विवरण र सम्बन्धित प्रदेश सभा , गाउँ सभा वा नगर सभाले पारित गरेको राजस्व र व्ययको अनुमान साउन मसान्तभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्नेछ।

(९) उपदफा ( ८) बमोजिमको कार्ययोजना बमोजिम भौतिक प्रगति तथा खर्च भएको रकमको विवरण प्रदेश तथा स्थानीय तहले प्रत्येक आर्थिक वर्षको मङ्सिर १५ गते, चैत्र १५ गते, असार १५ गतेभित्र र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको साउन मसान्तभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्नेछ।

(१०) उपदफा (९) बमोजिमको खर्चको विवरणको आधारमा महालेखा नियन्त्रक कार्यालयले उपदफा (७) बमोजिम

प्रदेश वा स्थानीय तहमा हस्तान्तरण भएको सशर्त अनुदानको रकम समायोजन गरी बाँकी रकम सोधभर्ना निकासा दिनु पर्नेछ।

(११) नेपाल सरकारले स्वीकृत गरेको कार्यविधि बमोजिम महालेखा नियन्त्रक कार्यालयले प्रदेश वा स्थानीय तहलाई समपूरक र विशेष अनुदान रकम हस्तान्तरण गर्नु पर्नेछ।

(१२) सशर्त, समपूरक र विशेष अनुदानको रकम आर्थिक वर्षभित्र खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित प्रदेश तथा स्थानीय तहले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत आर्थिक वर्ष समाप्त भएको १५ दिनभित्र सङ्घीरय सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ।

(१३) उपदफा (१२) बमोजिम बचत रकम फिर्ता दाखिल नभएमा महालेखा नियन्त्रक कार्यालयले अर्को आर्थिक वर्षमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानबाट कट्टा गरी समायोजन गर्नेछ।

५. <u>योजना वा कार्यक्रम कार्यान्वयन सम्बन्धी विशेष व्यवस्था</u> (१) यस ऐन बमोजिम नेपाल सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम प्रदेश तथा स्थानीय तह मार्फत कार्यान्वयन गर्नु पर्ने भएमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयले प्रदेश तथा स्थानीय तह बाट कार्यक्रम कार्यान्वयन गर्ने गरी निर्णय गर्नु पर्नेछ।

(२) यस ऐन बमोजिम प्रदेश तथा स्थानीय तहमा सशर्त अनुदान मार्फत हस्तान्तरण भएका योजना वा कार्यक्रम

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

कार्यान्वयनका लागि थप रकम माग गर्दा नेपाल सरकारको सम्बन्धित मन्त्रालय मार्फत माग गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम थप रकम माग भई आएमा नेपाल सरकार, अर्थ मन्त्रालयले त्यस्तो योजना वा कार्यक्रमको प्रगतिको आधारमा थप रकम उपलव्ध गराउने निर्णय गर्न सक्नेछ। त्यसरी थप निकासा भएको रकम सम्बन्धित स्थानीय तहको वार्षिक बजेटमा समावेश गरी सम्बन्धित प्रदेश सभा, गाउँ सभा वा नगर सभाबाट अनुमोदन गराई लेखाङ्कन तथा प्रतिवेदन गर्नु पर्नेछ।

(४) यो ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश तथा स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको पुँजीगत तर्फको कुनै योजना तथा कार्यक्रम प्रदेश र स्थानीय तहले नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई त्यस्तो योजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गर्ने निर्णय गर्न सक्नेछ।

(५) उपदफा (१), (३) र (४) बमोजिमको निर्णयको जानकारी नेपाल सरकारको सम्बन्धित मन्त्रालय, महा लेखा नियन्त्रक कार्यालय, सम्बन्धित प्रदेश तथा स्थानीय तह, सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

(६) उपदफा (१) बमोजिम प्रदेश तथा स्थानीय तहले कार्यान्वयन गर्ने वा उपदफा (३) बमोजिम थप रकम उपल ब्ध

गराउने निर्णय प्राप्त भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले सो निर्णयलाई खर्च गर्ने अख्तियारी मानी नेपाल सरकारको एकल खाता कोष प्रणालीमा सम्बन्धित प्रदेश वा स्थानीय तहको कार्यालयलाई सङ्घीबय निकायको रुपमा कार्यालय कोड दिई सोही कोडबाट प्रचलित सङ्घीबय कानून बमोजिम रकम निकासा दिनु पर्नेछ।

(७) उपदफा (४) बमोजिम नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय प्राप्त भएमा प्रदेशको योजना तथा कार्यक्रमको हकमा प्रदेश लेखा नियन्त्रक कार्याल य वा प्रदेश लेखा इकाई कार्यालयले सो निर्णयलाई खर्च गर्ने अख्तियारी मानी सम्बन्धित प्रदेशको एकल खाता कोष प्रणालीमा नेपाल सरकारको सम्बन्धित कार्यालयलाई प्रदेश निकायको रुपमा कार्यालय कोड दिई रकम निकासा दिनु पर्नेछ।

(८) उपदफा (४) बमोजिम स्थानीय तहको योजना तथा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गर्ने निर्णय भएमा स्थानीय तहले सङ्घीयय निकायको नाममा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा रहेको विविध खातामा जम्मा हुने गरी निकासा दिनु पर्नेछ।

६. **<u>लेखाङ्कन, प्रतिवेदन तथा आन्तरिक लेखापरीक्षण सम्बन्धी व्यवस्थाः</u>** (१) यस ऐन बमोजिम एक तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम अर्को तहबाट कार्यान्वयन गर्दा रकम विनियोजन भएको तहको खर्च इकाईको रुपमा प्रचलित

कानूनले तोके बमोजिमको लेखा राखी आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम योजना वा कार्यक्रम कार्यान्वयन गर्ने तहले आर्थिक विवरण तयार गरी प्रमाणित गराई सुरु विनियोजन भएको तहमा पठाउनु पर्नेछ।

(३) नेपाल सरकारबाट सशर्त अनुदान अन्तर्गतको वैदेशिक स्रोत समावेश भएका कुनै योजना वा कार्यक्रम प्रदेश तथा स्थानीय तहले कार्यान्वयन गर्ने गरी वित्तीय हस्तान्तरण गर्दा बजेटको स्रोत र भुक्तानी विधि समेत खुलाई पठाउनु पर्नेछ। यसरी प्राप्त भएको वैदेशिक स्रोतको रकम सम्बन्धित प्रदेश तथा स्थानीय तहले वार्षिक बजेट तथा कार्यक्रममा सोही बमोजिमको स्रोत कायम गरी कार्यान्वयन गर्नु पर्नेछ।

(४) प्रदेश वा स्थानीय तहले उपदफा (३) बमोजिमको सहायता परिचालन गर्दा सम्झौतामा निर्दिष्ट गरेको ढाँचामा निर्धारित समयभित्र नेपाल सरकारको सम्बन्धित मन्त्रालय, सम्बन्धित सोधभर्ना माग गर्ने निकाय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको प्रतिवेदन पेश नभएको कारणबाट खर्च भएको रकम सोधभर्ना प्राप्त हुन नसकेमा सो बराबरको रकम सम्बन्धित प्रदेश तथा स्थानीय तहमा अर्को आर्थिक वर्षमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानबाट कट्टा गरी हिसाब मिलान गरिनेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

७. **वित्तीय अनुशासन सम्बन्धी व्यवस्थाः** (१) प्रदेश तथा स्थानीय तहले आफूले उठाएको राजस्व र यस ऐन बमोजिम प्राप्त गरेको अनुदान कानून बनाई खर्च गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कानून बनाउँदा देहायका विषयलाई पालना हुने गरी बनाउनु पर्नेछः–

(क) नेपाल सरकारको आर्थिक र वित्तीय नीति अनुशरण गर्ने,

(ख) सबै आय आफ्नो सञ्चियत कोषमा दाखिल गर्ने,

(ग) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनमा मात्र खर्च गर्ने,

(घ) पुँजीगत खर्चतर्फ विनियोजित रकम चालु खर्चमा रकमान्तर नगरिने,

(ङ) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा अन्य प्रचलित सङ्घीरय कानूनले निर्दिष्ट गरे बमोजिमको आय व्ययको वर्गीकरण, लेखाङ्कन तथा प्रतिवेदन प्रणाली लागू गर्ने।

८. **अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्थाः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन भएको रकम प्रचलित कानूनको अधीनमा रही खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिनदेखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारी को आधारमा कोष तथा लेखा नियन्त्रक कार्यालय ले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ।

(३) कुनै निकायलाई एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले संवत् २०७९ साल असोज मसान्त भित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायलाई बाँडफाँट गरी त्यसको जानकारी नेपाल सरकार, अर्थ मन्त्रालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

तर विनियोजन भएको उक्त रकम कुनै मनासिब कारणले सो समयावधिभित्र बाँडफाँट गर्न नसकेमा त्यस्तो विनियोजन भएको निकायको प्रमुखले सोको कारण खुलाई संवत् २०७९ साल कार्तिक महिनाभित्र बाँडफाँटको लागि अनुरोध गरेमा नेपाल सरकार, अर्थ मन्त्रालयले संवत् २०७९ साल पुस मसान्तभित्र बाँडफाँट गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिमको बाँडफाँटबाट रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्न अख्तियारी प्राप्त भएको मानिनेछ।

(५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रम लाई बजेट कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम मानिनेछ।

(६) उपदफा (५) बमोजिम मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै कार्यक्रम संशोधन गर्नु पर्ने भएमा सम्बन्धित निकायले नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिई संशोधन गर्न सक्नेछ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रममा उल्लिखित क्रियाकलापको वार्षिक लक्ष्य नघट्ने गरी नेपाल सरकारको स्रोत    तर्फ सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले देहाय बमोजिम कार्यक्रम संशोधन तथा रकमान्तर गर्न सक्नेछः-

(क) एकै बजेट उपशीर्षकभित्रको भ    इरहेको क्रियाकलापको परिमाणात्मक लक्ष्य थप घट गर्ने गरी कार्यक्रम संशोधन गर्न,

(ख) खण्ड (क) ब मोजिम कार्यक्रम संशोधन गर्दा रकमान्तर गर्नु पर्ने भएमा स्रोत परिवर्तन नहुने गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २० को उपदफा (२) को अधीनमा रही थप हुने खर्च शीर्षकको सुरु विनियोजनको पच्चीस प्रतिशतसम्म रकमान्तर गर्न,

(ग) एकभन्दा बढी निकायमा बाँडफाँ  ट भएको एकै बजेट उपशीर्षक अन्तर्गतको एकै खर्च शीर्षकको रकम एक निकायबाट घटाई अर्को निकायमा थप गर्नु पर्ने भएमा रकम घटाउने कार्यालयसँग सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयको निकासा रोक्का राखेको पत्रको आधारमा क्रियाकलाप परिवर्तन नगरी कार्यक्रम संशोधन गर्न,



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(८) उपदफा (७) बमोजिम सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले कार्यक्रम संशोधन तथा रकमान्तर गर्नु पर्ने भएमा देहायको खर्च शीर्षकभित्र रही कार्यक्रम संशोधन तथा रकमान्तर गर्नु पर्नेछः-

२२२११, २२२१२, २२२१३, २२२१४,
२२२२१, २२२३१, २२२९१,
२२३११, २२३१२, २२३१३,
२२३१४, २२३१५, २२३१९,
२२५११, २२५१२, २२५२१,
२२५२२, २२५२९, २२६११,
२२६१२, २२६१९ र २२७११ ।

(९) उपदफा (६), (७) र (८) बमोजिमको कार्यक्रम संशोधन तथा रकमान्तर सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गराउनु पर्नेछ।

९. <u>निर्देशिका, कार्यविधि, मापदण्ड तथा मार्गदर्शन बनाउन सक्नेः</u> (१) यस ऐनको कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वीकृत वार्षिक कार्यक्रममा समावेश भई रकम विनियोजन भएका कार्यक्रमको कार्यान्वयनको लागि आवश्यक पर्ने देखिएमा नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिई नेपाल सरकारको

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सम्बन्धित मन्त्रालयले कार्यविधि बनाउन सक्नेछ। त्यस्तो कार्यविधि स्वीकृत भएको सात दिनभित्र वेबसाइटमा राखु। पर्नेछ।

(३) उपदफा (१) बमोजिमको निर्देशिका, कार्यविधि तथा मापदण्ड नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(४) यस ऐन बमोजिम विनियोजन भएको रकम खर्च गर्ने सम्बन्धमा नेपाल सरकार , अर्थ मन्त्रालयले आवश्यक मार्गदर्शन जारी गर्न सक्नेछ।

१०. **आवश्यक व्यवस्था गर्न सक्ने**: (१) यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा नेपाल सरकारले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जारी भए को आदेश नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधान बमोजिम

<u>सङ्घीकय सञ्चित कोषमाथि व्ययभार हुने रकम</u>

रू. लाखमा

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| **क्र. सं.** | **अनुदान सङ्ख्या** | **शीर्षकको नाम** | **चालु खर्च** | **वित्तीय व्यवस्था** | **जम्मा** |
| १ | १०१ | राष्ट्रपति | ७५ | ० | ७५ |
| २ | १०२ | उपराष्ट्रपति | ६१ | ० | ६१ |
| ३ | १०३ | प्रदेश प्रमुखहरू | ३०१ | ० | ३०१ |
| ४ | २०२ | सङ्घीशय संसद | २२६ | ० | २२६ |
| ५ | २०४ | अदालत | ६९७ | ० | ६९७ |
| ६ | २०६ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | १०० | ० | १०० |
| ७ | २०८ | महालेखा परीक्षकको कार्यालय | २७ | ० | २७ |
| ८ | २१० | लोक सेवा आयोग | ७९ | ० | ७९ |
| ९ | २१२ | निर्वाचन आयोग | ८५ | ० | ८५ |
| १० | २१४ | राष्ट्रिय मानव अधिकार आयोग | ७१ | ० | ७१ |
| ११ | २१८ | न्याय परिषद् | ४१ | ० | ४१ |
| १२ | २२० | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | ९६ | ० | ९६ |
| १३ | २२२ | राष्ट्रिय महिला आयोग | ७९ | ० | ७९ |
| १४ | २२४ | राष्ट्रिय दलित आयोग | ९२ | ० | ९२ |
| १५ | २२६ | राष्ट्रिय समावेशी आयोग | ७१ | ० | ७१ |
| १६ | २२८ | आदिवासी जनजाति आयोग | ७५ | ० | ७५ |
| १७ | २३० | मधेशी आयोग | ७० | ० | ७० |
| १८ | २३२ | थारू आयोग | ७२ | ० | ७२ |
| १९ | २३४ | मुस्लिम आयोग | ७२ | ० | ७२ |
| २० | ५०२ | अर्थ मन्त्रालय- आन्तरिक ऋण भुक्तानी | ४३७३०० | ९०५९२३ | १३४३२२३ |
| २१ | ५०३ | अर्थ मन्त्रालय- वैदेशिक ऋण | ७६११३ | ३२९५०७ | ४०५६२० |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

| | | | | | |
|---|---|---|---|---|---|
| | | भुक्तानी (बहुपक्षीय) | | | |
| २२ | ५०४ | अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (द्विपक्षीय) | २८०३७ | ९५६६८ | १२३७०५ |
| २३ | ६०२ | अर्थ मन्त्रालय- फैसला वा आदेश अनुसार तिर्नु पर्ने रकम | ८०० | ० | ८०० |
| **जम्मा** | | | ५४४६४० | १३३१०९८ | १८७५७३८ |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

# अनुसूची-२
## (दफा २ र ३ सँग सम्बन्धित)
## <u>सङ्घीफय सञ्चि त कोषबाट विनियोजन हुने रकम</u>

रू. लाखमा

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र. सं. | अनुदान सङ्ख्या | शीर्षकको नाम | चालु खर्च | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| १ | १०१ | राष्ट्रपति | ११६२ | १८९ | ० | १३५१ |
| २ | १०२ | उपराष्ट्रपति | ४०७ | १४ | ० | ४२१ |
| ३ | १०३ | प्रदेश प्रमुखहरू | १६६६ | ५१ | ० | १७१७ |
| ४ | २०२ | सङ्घीशय संसद | ११४०२ | ३२० | ० | ११७२२ |
| ५ | २०४ | अदालत | ४८११० | २०४७४ | ० | ६८५८४ |
| ६ | २०६ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ११५७२ | २८९२ | ० | १४४६४ |
| ७ | २०८ | महालेखा परीक्षकको कार्यालय | ५७५० | ३०८ | ० | ६०५८ |
| ८ | २१० | लोक सेवा आयोग | ८१९० | २११ | ० | ८४०१ |
| ९ | २१२ | निर्वाचन आयोग | ४६४९ | १०५० | ० | ५६९९ |
| १० | २१४ | राष्ट्रिय मानव अधिकार आयोग | २४७९ | ३४ | ० | २५१३ |
| ११ | २१८ | न्याय परिषद् | ४०९ | १८ | ० | ४२७ |
| १२ | २२० | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | ७९८ | २१ | ० | ८१९ |
| १३ | २२२ | राष्ट्रिय महिला | ८९२ | २३ | ० | ९१५ |



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र. सं. | अनुदान सङ्ख्या | शीर्षकको नाम | चालु खर्च | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| | | आयोग | | | | |
| १४ | २२४ | राष्ट्रिय दलित आयोग | २३४ | ९ | ० | २४३ |
| १५ | २२६ | राष्ट्रिय समावेशी आयोग | २३० | १२ | ० | २४२ |
| १६ | २२८ | आदिवासी जनजाति आयोग | २३२ | १३ | ० | २४५ |
| १७ | २३० | मधेशी आयोग | २५४ | ६ | ० | २६० |
| १८ | २३२ | थारू आयोग | ३३४ | २१ | ० | ३५५ |
| १९ | २३४ | मुस्लिम आयोग | ३१० | २५ | ० | ३३५ |
| २० | ३०१ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३७९६८ | ८११० | ० | ४६०७८ |
| २१ | ३०५ | अर्थ मन्त्रालय | २२६७८४ | १००७४४ | ० | ३२७५२८ |
| २२ | ३०७ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ५१०२० | ५३७७० | ० | १०४७९० |
| २३ | ३०८ | उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय | ४४६४७ | ३६३७९९ | ० | ४०८४४६ |
| २४ | ३११ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ८६६० | २०७ | ० | ८८६७ |
| २५ | ३१२ | कृषि तथा पशुपन्छी विकास | ४४१६६० | ३९९४३ | ० | ४८१६०३ |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र. सं. | अनुदान सङ्ख्या | शीर्षकको नाम | चालु खर्च | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| | | मन्त्रालय | | | | |
| २६ | ३१३ | खानेपानी मन्त्रालय | ९४७८ | १९१६०५ | ० | २०१०८३ |
| २७ | ३१४ | गृह मन्त्रालय | १७४८४६४ | १०१८८१ | ० | १८५०३४५ |
| २८ | ३२५ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ४२६४६ | ३८१०४ | ० | ८०७५० |
| २९ | ३२६ | परराष्ट्र मन्त्रालय | ५२३३६ | ५९९९ | ० | ५८३३५ |
| ३० | ३२९ | वन तथा वातावरण मन्त्रालय | ८००५१ | ४८३८२ | ० | १२८४३३ |
| ३१ | ३३६ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | ५५५८६ | १४८६० | ० | ७०४४६ |
| ३२ | ३३७ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | १०१२७३ | १५१४४०१ | ० | १६१५६७४ |
| ३३ | ३४० | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | ११०७८ | ३६१५ | ० | १४६९३ |
| ३४ | ३४३ | युवा तथा खेलकूद मन्त्रालय | १५६२२ | ८९२८ | ० | २४५५० |
| ३५ | ३४५ | रक्षा मन्त्रालय | ४६८८८२ | ८१५१३ | ० | ५५०३९५ |
| ३६ | ३४७ | शहरी विकास मन्त्रालय | ३२८९४ | ३५४५०० | ० | ३८७३९४ |
| ३७ | ३५० | शिक्षा, विज्ञान | ६०३३३३ | ९७२०० | ० | ७००५३३ |



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र. सं. | अनुदान सङ्ख्या | शीर्षकको नाम | चालु खर्च | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| | | तथा प्रविधि मन्त्रालय | | | | |
| ३८ | ३५८ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ५४०२७ | ३१९६३ | ० | ८५९९० |
| ३९ | ३६५ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ९९५९६ | १५०७४८ | ० | २५०३४४ |
| ४० | ३७० | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | ५४८४२८ | १४५३७४ | ० | ६९३८०२ |
| ४१ | ३७१ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | १९४९७ | १३०६ | ० | २०८०३ |
| ४२ | ३९१ | राष्ट्रिय योजना आयोग | ९२६५ | ७५२ | ० | १००१७ |
| ४३ | ५०१ | अर्थ मन्त्रालय-वित्तीय व्यवस्था | ० | ० | ९७१०७९ | ९७१०७९ |
| ४४ | ६०१ | अर्थ मन्त्रालय-कर्मचारी सुविधा तथा सेवानिवृत सुविधा | १४२८५०० | ० | ० | १४२८५०० |
| ४५ | ६०२ | अर्थ मन्त्रालय-विविध | ६९८६१४ | ४२०४५० | ० | १११९०६४ |
| ४६ | ७०१ | प्रदेश | १२९४६०६ | ० | ० | १२९४६०६ |
| ४७ | ८०१ | स्थानीय तह | ३००३७१६ | ० | ० | ३००३७१६ |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र. सं. | अनुदान सङ्ख्या | शीर्षकको नाम | चालु खर्च | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| | | जम्मा | ११२८७७११ | ३८०३८४५ | ९७१०७९ | १६०६२६३५ |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय